२०८०।०९।०७ गतेको नागरिक दैनिकमा प्रकाशित

# छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड

**CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LTD.**

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको ईजाजतपत्र प्राप्त संस्था)

"ग्रामिण विकासको आधार लघुवित्तको गुणात्मक विस्तार"

**Central Office : Mid Baneshor, Kathmandu Tel No. 0977-01- 4595513, 4564853, Fax No. 4565785**

**E-mail:info@chhimekbank.org, Website : www.chhimekbank.org**

## २२औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

सूचना प्रकाशन मिति : **२०८०/०९/०७**

यहि मिति २०८०/०९/०६ गते बसेको सञ्चालक समितिको २९७औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको २२औं बार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८०/०९/२९ गते आईतबार (तदनुसार जनवरी १४, २०२४)

**समय** : बिहान ११.०० बजे ।

**स्थान** : **होटल सामना प्रा. लि.** को सभाहल, मकवानपुर, हेटौंडा ।

**छलफलका विषयहरु:**

**(क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक बर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७९/०८० को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु तथा सम्वन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।
३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८०/०८१ का लागी लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरीक्षक श्री **P.L.R.G. Associates** ऐन बमोजिम पुनः नियुक्त हुन सक्नुहुनेछ ।)
४. सञ्चालक समितिले सिफारिस गरे बमोजिम आ. व. २०७९/०८० को वितरण योग्य मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु.२,८३,५४,०२,०००/- (अक्षरेपी दुई अर्व त्रियासी करोड चवन्न लाख दुई हजार रुपैयाँ मात्र) को १० प्रतिशतले हुन आउने रकम रु.२८,३५,४०,२००/- (अक्षरेपी अठ्ठाईस करोड पैतिस लाख चालिस हजार दुई सय रुपैयाँ मात्र) नगद लाभांश (बोनश शेयरमा लाग्ने कर समेत) वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

**(ख) विशेष प्रस्ताव**

१. सञ्चालक समितिबाट सिफारिश भए बमोजिम आ. व. २०७९/०८० को वितरण योग्य मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु.२,८३,५४,०२,०००/- (अक्षरेपी दुई अर्व त्रियासी करोड चवन्न लाख दुई हजार रुपैयाँ मात्र) को ५ प्रतिशतका दरले हुन आउने रकम रु.१४,१७,७०,१००/- (अक्षरेपी चौध करोड सत्र लाख सत्तरी हजार एकसय रुपैयाँ मात्र) बराबरको बोनश शेयर जारी गरी वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी रु.२,९७,७१,७२,१००.०० (अक्षरेपी दुई अर्व सन्तानब्बे करोड एकहत्तर लाख बहत्तर हजार एक सय रुपैयाँ मात्र) पुऱ्याउने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।
२. वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका एक वा एक भन्दा बढी लघुवित्त वित्तीय संस्थाहरुलाई मर्जर/प्राप्ती **(Merger/Acquisition)** गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने ।
३. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीका केही दफा/नियमहरुको संशोधन स्वीकृत गर्ने तथा उक्त प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल, परिमार्जन वा संशोधन गर्न सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल, परिमार्जन वा संशोधन गर्न सञ्चालक समितिलाई अधिकार दिने ।

**(ग) विविध**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धमा अन्य थप जानकारी :**

१. **शेयरधनी दर्ता किताब बन्द रहने** : २२औं वार्षिक साधारण सभा तथा लाभांश प्रयोजनका लागि वित्तीय संस्थाको शेयर दाखिल खारेज यही **मिति : २०८०/०९/१७ गते देखि २०८०/०९/२९ गतेसम्म बन्द रहनेछ । शेयर दाखिल खारेज बन्द गरिएको मिति भन्दा अगावै अर्थात मितिः २०८०/०९/१६ गतेसम्म** नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई तोकिएको समयावधि भित्रमा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाण्डौमा शेयर नामसारीको लागि प्राप्त विवरणका आधारमा कायम रहेका शेयरधनीहरु यस साधारण सभामा भाग लिन तथा लाभांश पाउन योग्य हुने व्यहोरा सर्वसाधारण सबैको जानकारीको लागि सुचित गरिन्छ ।
२. वार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण वा परिचय खुल्ने कुनै आधिकारीक प्रमाणपत्र साथमा लिएर आईदिनुहुन अनुरोध छ । संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारीक पत्र पेश गर्नुपर्नेछ ।
३. २२औं वार्षिक साधारण सभाको प्रतिवेदन शेयरधनीहरुको ठेगानामा हुलाक/कुरियर वा अन्य कुनै माध्यमबाट पठाइनेछ । कुनै कारणवस उपरोक्त प्रतिवेदन प्राप्त नगर्नुहुने शेयरधनी महानुभावहरुले यस वित्तीय संस्थाको वेवसाईट **(www.chhimekbank.org)** मा पनि हेर्न सक्नुहुनेछ । साथै, वित्तीय संस्थाको केन्द्रीय कार्यालय, काठमाण्डौं-३१, मध्यबानेश्वर वा वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लि., बालुवाटार, काठमाण्डौं र सभा हुने दिन सभा स्थलबाट समेत प्राप्त गर्न सक्नु हुनेछ ।
४. नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता किताबमा उल्लेखित) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्ती गर्न र मत दिन समेत सक्नेछन ।
५. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभाहुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी उपस्थिति पुस्तिका बिहान ९:०० बजेदेखि खुल्ला रहनेछ ।
६. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले तोकिएको ढाँचामा वित्तीय संस्थाको शेयरधनीहरुलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन् । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन मिति २०८०/०९/२७ गते बिहानको ११:०० बजे (अर्थात् सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै) भित्र वित्तीय संस्थाको काठमाण्डौं-३१, मध्यबानेश्वर स्थित केन्द्रीय कार्यालय वा हेटौंडा, मकवानपुर स्थित शाखा कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।
७. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा निजबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन् ।
८. कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्था सम्वन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पठाउनु हुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।
९. कोभिड-१९ को जोखिमबाट वच्न सभामा भाग लिने सम्पुर्ण शेयरधनी महानुभावहरुले सो सँग सम्वन्धीत स्वास्थ्यका मापदण्डहरु पुर्ण रुपमा पालना गर्नु पर्नेछ ।
१०.अन्य थप जानकारीका लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।